# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७४ चैत्र ४

### नेपाल-भारत राष्ट्रिय मानव अधिकार आयोगवीच समन्वय

**भारतीय सशस्त्र प्रहरीबाट हत्या गरिएका नेपालका स्वर्गीय मुकुल राय यादवको परिवारलाई क्षतिपूर्ति दिन राष्ट्रिय मानव अधिकार आयोग भारतको निर्देशन**

भारतीय सशस्त्र प्रहरी बल (SSB) को गम्भीर कुटपिटबाट २०६६ साल असोजमा मृत्यु भएका रौतहट जिल्ला तत्कालीन सरमुजवा गाउँ विकास समितिका मुकुल राय यादवको परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग, भारतले क्षतिपूर्ति स्वरूप नगद प्रदान गर्न भारतीय सरकारलाई निर्देशन दिएको छ । राष्ट्रिय मानव अधिकार आयोगले नेपाल-भारत सीमा नजीकै सशस्त्र प्रहरी बलद्वारा हत्या गरिएका पीडित मुकुल राय यादवको घटना सम्बन्धमा भारतीय राष्ट्रिय मानव अधिकार आयोगलाई जानकारी गराउँदै घटनाको सत्य छानविन गर्न अनुरोध गरेको थियो । आयोगको अनुरोधलाई भारतीय राष्ट्रिय मानव अधिकार आयोगले गम्भीरतापूर्वक लिई घटनाको निष्पक्ष अनुसन्धान मार्फत घटनाका दोषी सशस्त्र प्रहरी बल भारत रहेको ठहर गर्दै पीडितका परिवारलाई क्षतिपूर्ति स्वरूप रु. पाँच लाख भारतीय रुपैयाँ उपलब्ध गराउन सन् २०१७ मा भारतीय सरकारलाई निर्देशन दिएको थियो । उक्त घटनाका सम्बन्धमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको नेतृत्वमा भारत गएको टोलीले त्यहाँका समकक्षीलाई पीडितको परिवारलाई उक्त रकम प्राप्त हुने गरी आवश्यक पहल गरी दिन तथा भविष्यमा पनि मानव अधिकारका साझा विषयहरूमा सीमा क्षेत्रमा आवश्यक समन्वय हुन समेत अनुरोध गरेको थियो ।

भारतीय आयोगबाट हालै प्राप्त अर्को पत्र अनुसार मानव अधिकार उल्लंघनका पीडित मुकुल राय यादवकी पत्नी उर्मिला देवीलाई क्षतिपूर्ति स्वरूपको रकम उपलब्ध गराउन भारतीय गृह मन्त्रालय मार्फत काठमाण्डौं स्थित भारतीय दुतावासलाई अनुरोध गरेको छ । मानव अधिकारको संरक्षण तथा मानव अधिकार उल्लंघनका पीडितहरूको परिपूरणका सवालमा राष्ट्रिय मानव अधिकार आयोग, नेपालले विभिन्न देशका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग समन्वय गर्दै आएको छ । यसै सन्दर्भमा भारतीय राष्ट्रिय मानव अधिकार आयोगद्वारा मानव अधिकारको संरक्षणार्थ गरिएको यस निर्णयप्रति राष्ट्रिय मानव अधिकार आयोग, नेपाल हार्दिक धन्यवाद ज्ञापन गर्दै भविष्यमा पनि यस्तो सहयोग प्राप्त हुने अपेक्षा गर्दछ ।

..................

मोहना अन्सारी

सदस्य/प्रवक्ता